बैठक संख्या १०

मिति २०७७।०२।०७ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाल लगायत देहायका महानुभावहरुको उपस्थितिमा बसेको जिल्लास्तरीय **Crisis Management Center (CMC)** भक्तपुरको बैठकको निर्णय देहाय अनुसार रहेको छ ।

<u>उपस्थिति:</u>

सल्लाहकार - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्ननाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, विरदल गण सुर्यविनायक व्यारेक
४. प्रहरी उपरिक्षक श्री सविन प्रधान, महानगरीय प्रहरी परिसर भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी भक्तपुर – स्थायी आमन्त्रित

आमन्त्रित

१. श्री प्रेम ज्ञवाली-शहिद धर्म भक्त मानव अंग प्रत्यारोपण केन्द्र, भक्तपुर

छलफलका विषयहरु

१. भक्तपुर जिल्लामा कोभिड १९ संक्रमणको अवस्था विश्लेषण
२. संक्रमितहरुको कन्ट्याक्ट ट्रेसिङ
३. नगरपालिकास्तर क्वारेन्टाइन निर्माण
४. निजि/सार्वजनिक भवन र जग्गा यकिन गर्ने सम्बन्धमा
५. शव व्यवस्थापन सम्बन्धमा
६. पास व्यवस्थापन सम्बन्धमा
७. विविध

निर्णय

१. भक्तपुर जिल्लामा हालसम्म ३ जना कोरोना संक्रमित देखिएकोमा तिनै जना हाल सुरक्षित रुपमा अस्पतालमा रहेकाले सम्पुर्ण जिल्लाबासीलाई सजग र सतर्क रहि लक डाउनको पूर्ण पालना गर्न पुन अनुरोध गर्ने ।

२. मिति २०७७।०२।०६ गते संक्रमण देखिएका व्यक्तिको घर रहेको स्थान सिल गरिएको र निजको सम्पर्कमा आएका व्यक्तिहरूलाई ट्रेसिङ गरी परीक्षणलाई तिव्रता दिने ।

३. नगरपालिकाहरूलाई आफ्नो नगरपालिका भित्र संक्रमितको सम्पर्कमा आएका मानिसहरूलाई तत्काल राख्नको लागि अस्थायी क्वारेन्टाइन निर्माण तत्काल गर्न पुनः अनुरोध गर्ने ।

४. भक्तपुर जिल्ला भित्र रहेका होटलहरू, पार्टी प्यालेस, स्कूलहरूलाई क्वारेन्टाइनको रुपमा प्रयोग गर्न सम्बन्धित निकायहरूसित अनुरोध गरी अनुगमन गर्ने ।

५. सूर्यविनायक स्थित प्राणि उद्यानको भवनलाई क्वारेन्टाइनको रुपमा तयार गर्नकोलागि सम्बन्धित निकायलाई अनुरोध गर्ने ।

६. कोभिड-१९ को संक्रमणबाट हुन सक्ने मृत्युलाई मध्यनजर गर्दै शव व्यवस्थापनको लागि जिल्ला स्थित सार्वजनिक जग्गालाई पहिचान गरी तयारी हालतमा राख्ने ।

७. प.सं. ७६/७७/१७ मिति २०७७।०२।०६ को नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्रको पत्रानुसार भएका निर्देशनको सम्बन्धमा स्थानीय तहमा कार्यन्वयन गर्नको लागि अनुरोध गर्ने ।

८. च.न. ५७० मिति २०७७।०२।०७ को गृह मन्त्रालयको पत्रानुसार सवारी पास जारी गर्ने सम्बन्धमा सूचना जारी गरी कार्यान्वयन गर्ने ।

